# 「सहायक उपकरण सुबिधा उपयोग शुल्क」(क्योउएकिहि) को केन द्वारा संकलित प्रणालीको बारेमा

## । प्रणालीको बारेमा

साधारण सेवा शुल्क (क्योउएकिहि) हरू सङ्कलन गर्ने सम्बन्धमा निवासीहरूको सङ्घ (जिचिकाई) मा पर्ने बोझलाई कम गर्नको लागि, सङ्घले सङ्कलन गरेको **क्योउएकिहिको केहि अंश** (जसलाई「सहायक उपकरण सुबिधा उपयोग शुल्क」 भनिन्छ।) केनले निवासी संग सिधै संकलन गर्ने प्रणाली हो।

**प्रत्येक बर्षको चौथो (APRIL)महिनामा, केन संग सहमति भएको ज्यूताकु** बाट पालै पालो परिवर्तन गरिनेछ।

## 2 केन द्वारा संकलित सहायक उपकरण सुबिधा उपयोग शुल्कको दायरा

<table>
<tr><td rowspan="2">वर्गीकरण</td><td colspan="5">केन द्वारा संकलन शुल्क</td><td>जिचिकाईले निरन्तर संकलन गर्ने शुल्क</td></tr>
<tr><td colspan="5">आवास व्यवस्थापन सम्बन्धमा</td><td>जिचिकाईको गतिविधी संबन्धमा</td></tr>
<tr><td>बुँदाहरु</td><td>①<br>साझा स्थानको बत्तीहरु</td><td>②<br>खानेपानी आपूर्ति</td><td>③<br>लिफ्ट</td><td>④<br>ढल प्रशोधन</td><td>⑤<br>प्रशासनिक खर्च</td><td>निवासी संघ शुल्क<br>साझा हलको बिजुलीको बिल<br>पानीको बिल<br>ढल सफाई, घास काट्ने<br>उपभोग्य वस्तु आदि</td></tr>
</table>

① साझा स्थानको बिजुलीको शुल्क (बैठक हलहरूको बिजुली शुल्क बाहेक)
② खानेपानी आपूर्तिको बिजुली शुल्क
③ लिफ्टको बिजुली शुल्क, मर्मत तथा निरीक्षण शुल्क (यदि लिफ्ट छ भने मात्र)
④ ढल प्रशोधनको लागि बिजुली शुल्क, किटनाशक विषादी सर-सफाई लागत (यदि ढल प्रशोधन प्लान्ट छ भने मात्र)
⑤ केनले संकलन गर्न लाग्ने प्रशासनिक खर्च

## 3 सङ्कलन रकमको गणना

**【गणना सूत्र】※वास्तविक प्रयोगको आधारमा बार्षिक गणना गरिनेछ।** (प्रति महिना प्रति घर)

| मर्मत र व्यवस्थापन खर्च | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| 1) साझा स्थानको बिजुलीको शुल्क (बैठक हलहरूको बिजुली शुल्क बाहेक)<br>2) खानेपानी आपूर्तिको बिजुली शुल्क<br>3) लिफ्टको बिजुली शुल्क, मर्मत तथा निरीक्षण शुल्क<br>4) ढल प्रशोधनको लागि बिजुली शुल्क, किटनाशक विषादी सर-सफाई लागत | × | मुल्यमा उतार चढाव 1.1 | ÷ | आवासहरू को संख्या (खाली घरहरू सहित)) | ÷ | 12 महिना | + | प्रशासनिक खर्च ¥100 |

**बार्षिक प्रयोगको परिणाम (भुक्तानी रेकर्ड) अनुसार परिवर्तन गरीनेछ।**

**अर्को पेज :केन द्वारा संकलित सहायक उपकरण सुबिधा उपयोग शुल्क प्रणालीको बारेमा प्रायः सोधिने प्रश्नहरू**

# केन द्वारा संकलित सहायक उपकरण सुबिधा उपयोग शुल्क प्रणालीको बारेमा

### प्रायःसोधिने प्रश्नहरू



| प्रश्न | उत्तर |
|---|---|
| सहायक उपकरण सुबिधा उपयोग शुल्क भन्नाले ? | दान्ची परिसर ・ साझा स्थानको बत्तीहरू・खानेपानी आपूर्ति ・ लिफ्ट हरू र ढल प्रशोधन स्थान जस्ता साझा सुविधाहरूको लागत हो। |
| केन द्वारा संकलित प्रणाली भन्नाले ? | सहायक उपकरण सुबिधा उपयोग शुल्क निवासी बाट सिधै संकलन गरि, बिजुली कम्पनीहरू आदिलाई केनले सिधै तिर्ने प्रणाली हो। |
| कहिलेबाट केनले संकलन शुरु गर्ने ? | प्रत्येक बर्षको चौथो (APRIL)महिनामा, केन संग सहमति भएको ज्यूताकु बाट पाले पालो परिवर्तन गरिनेछ |
| केनले संकलन गर्दा हुने फाइदाहरू? | ➢ निष्पक्षताको सुनिश्चितता (नियमित भुक्तानी गर्ने व्यक्तिहरुलाई गैर-भुक्तान व्यक्तिहरुबाट परेको भारमा सुधार)<br>➢ जिचिकाईको प्रशासनिक खर्च , संकलन आदिको भारमा कमि<br>➢ दुरुप्रयोग जस्ता घटना आदिको रोकथाम |
| खालि घर र गैर-भुक्तानहरुको के हुनेछ ? | खाली घरहरुको भार केनले लिनेछ। साथै केनले संकलन गर्ने ज्यूताकुको गैर-भुक्तानी हरुको बारेमा केनले निवासिहरुलई सिधै अबलम्बन गर्नेछ। |
| सहायक उपकरण सुबिधा उपयोग शुल्क कति ? | केन द्वारा संकलनमा परिवर्तन गरिएका आवासहरूमा प्रत्येक वर्षको जनवरी(JANUARY)मा भाडा निर्धारण सूचना मार्फत सूचित गरिनेछ। |
| सहायक उपकरण सुबिधा उपयोग शुल्क भवन अनुसार फरक हुनेछ ?<br>लिफ्ट हुने र नहुनेमा फरक हुन्छ र? | एउटै ज्यूताकुमा समान रकम हुनेछ। तर,लिफ्ट भएको र नभएको भवन अनुसार मासिक तिर्नुपर्ने रकम फरक-फरक हुनेछ। |
| के सहायक उपकरण सुबिधा उपयोग शुल्क प्रत्येक बर्ष एउटै रकम हुनेछ? | दान्ची परिसर・साझा स्थानको बत्तीहरू・लिफ्ट र ढल प्रशोधन स्थान जस्ता साझा सुविधाहरूको वास्तविक प्रयोगको आधारमा प्रत्येक बर्ष हेरफेर गरिनेछ। |
| के केनले सिधै संकलन गरे पछि जिचिकाई तिर्नु नपर्ने हो ? | केनले संकलन गर्ने रकम बाहेकको शुल्क (साझा हलको बिजुलीको बिल, पानीको बिल, ढल सफाई, घास काट्ने उपभोग्य लागत आदि) जिचिकाईले नै संकलन गर्ने भएकोले जिचिकाईलाई तिर्नुहोस। |
| जिचिकाईले संकलन गर्ने रकम कति हुनेछ ? | जिचिकाई संग सम्पर्क गर्नुहोस। |
| केनलाई भुक्तानी गर्ने मिति कहिले हो?<br>र कसरी तिर्न सकिन्छ ? | याचिन संगै महिनाको अन्तिम दिन तिर्नुपर्नेछ।<br>बैंक बाट अटोमेटिक स्थानान्तरण गराउने निर्देशन पनि हुलाक मार्फत पठाइनेछ। कृपया आवश्यक प्रक्रिया पुरा गर्नुहोस। |

**[सम्पर्क जानकारी]**


आइची केन सार्वजनिक आवास विभाग प्रीफेक्चुरल आवास व्यवस्थापन कार्यालय मर्मत・वित्तीय समूह ☎ : (052)954-6580

आइची प्रिफेक्चरल हाउसिंग सप्लाई कर्पोरेशन भाडा आवास डिभिजन प्रिफेक्चुरल・सिटि आवास समूह ☎ : (052)954-1361